# प्रस्ताव आव्हानको सूचना

**प्रथमपटक प्रकाशित मिति: २०७७।४।२५**

यस कृषि विकास निर्देशनालय बागमती प्रदेश, हेटौंडाको आ.व. २०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रम (अधिकतम २० लाख लागतको ३८ वटा संख्या) अनुसार सिंचित क्षेत्र विस्तारका लागि मागमा आधारित लिफ्ट सिंचाई कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ अनुसार लिफ्ट सिंचाइ कार्यक्रम निर्माण तथा सञ्चालन गर्न इच्छुक यस प्रदेशका कृषक, कृषक समुह, कृषि सहकारी संस्था, कृषि फार्म, कम्पनी, स्थानीय उपभोक्ता समितिले यो सूचना प्रकाशित भएको मितिले ३०औं दिन (मिति: २०७७।५।२३ गते) सम्ममा अनुसूची-२ बमोजिमको ढाँचामा कार्यालय समयभित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजातसहित निवेदन साथ प्रस्ताव निर्देशनालय वा सम्बन्धित कृषि ज्ञान केन्द्रमा दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै, रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपशिल**

१) रु. १०।- को हुलाक टिकट टाँस गरेको निवेदन,

२) आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्थाको हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,

३) संस्थाको बैठकको निर्णयको प्रतिलिपि,

४) संस्थाको हकमा स्थायी लेखा नम्बर(PAN) दर्ता नविकरण प्रमाणित प्रतिलीपि,

५) अनुसूची-२ अनुसारको आवेदन फाराम ।

**पुनश्च:** मागमा आधारित लिफ्ट सिंचाई कार्यक्रम सञ्चालन कार्यविधि, कृषि विकास निर्देशनालयको वेवसाइट doad.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।